नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
असार/श्रावण २०७२ (July 2015) वर्ष १९/अङ्क २२०

## बलियो वैवाहिक जीवनको नक्शा

- डीकन सिमोन पाठक

वैशाख महिनामा गएको महा भूकम्पले घर बनाउँदा घरको नक्शा माटो, घरमा प्रयोग गरिने सामाग्री र जगमा विशेष ध्यान दिनुपर्छ भन्ने शिक्षा धेरैलाई दिइएको छ। त्यसरी नै वैवाहिक सम्बन्ध स्थिर रहनको निम्ति पनि बाइबलले वैवाहिक जीवनको नक्शा वा जगमा ध्यान दिनुपर्ने कुरामा जोड दिइएको छ। तपाईंको विचारमा बलियो वैवाहिक जीवन भइराख्नको निम्ति श्रीमान्-श्रीमतीले कुन-कुन कुराहरूमा ध्यान दिनु आवश्यक छ ? अर्थात् के-के कुराहरूमा ध्यान दियो भने विवाहपछि श्रीमान्-श्रीमतीको सम्बन्ध बलियो भइराख्न सक्छ ?

हामीले धेरै वटा सूचीहरू तयार पार्न सक्छौं। धर्मशास्त्र बाइबलमा बलियो वैवाहिक जीवन भइराख्नको निम्ति मुख्य गरी तीनवटा कुराहरू दिइएको छ। ती कुराहरूलाई प्रत्येक श्रीमान्-श्रीमतीले र भविष्यमा विवाह गर्न चाहनेहरूले पनि ध्यान दिनु अति नै आवश्यक छ। कसैले यसरी भनेका छन्- "करार कमजोर हुन सक्छ तर रद्द हुन सक्दैन। घर जले पनि घरको जग रहिरहन्छ।" विवाह सम्बन्धमा खटपट भए पनि परमेश्वरको दृष्टिमा वैवाहिक करार रहिरहन्छ। त्यसकारण विवाह सम्बन्धमा जोडिनुअघि र विवाह भइसकेपछि पनि विवाहको निम्ति परमेश्वरले दिनुभएको नक्शा के हो र कसरी वैवाहिक सम्बन्धलाई बलियो बनाइराख्न सकिन्छ सो जान्नु आवश्यक छ।

उत्पत्तिको पुस्तकमा सम्पूर्ण सृष्टिको काम कसरी भयो भन्ने कुराहरूको वर्णन गरिएको हामी पाउँछौं जहाँ पुरूष र स्त्रीको विषयमा यसरी लेखिएको छ- "यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो" (उत्पत्ति १:२७)। परिवार शुरू गर्नुहुनेचाहिँ परमेश्वर नै हुनुहुन्छ।

विवाह सम्बन्धमा जोडिएपछि उनीहरूले ध्यान दिनुपर्ने वा गर्नुपर्ने कार्यको सम्बन्धमा धर्मशास्त्रमा यसरी लेखिएको छ, "यसैकारण मानिसले आफ्ना आमा-बाबुलाई छोड्छ र आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन्" (उत्पत्ति २:२४)। यही कुरा नयाँ करारमा तीन पटकसम्म दोहोऱ्याइएको छ (मत्ती १९:२, मर्कूस १०:७-८, एफिसी ५:३१)। यसले यो कुरा देखाउँछ कि वैवाहिक सम्बन्धमा जोडिएपछि बलियो वैवाहिक जीवन हुनको निम्ति यी तीनवटा क्रियाहरू छोड्नु, मिलिरहनु र एउटै शरीर हुनु अति आवश्यक छ। योचाहिँ वैवाहिक जीवनको निम्ति परमेश्वरले दिनुभएको नक्सा (God's Blueprint for Marriage) हो। यो नै वैवाहिक जीवनको जग पनि हो। यो जग वा नक्साभन्दा बाहिर गएर घराना बनाउन खोजेमा त्यो परिवार कमजोर हुन्छ। घर बनाउनुभन्दा अगाडि घरको नक्शा कोर्ने इन्जिनियर (Architecture) ले दिएको नक्साअनुसार घरको जग हालिएको छ भने मात्र त्यो घर बलियो हुन्छ। नक्सा एउटा छ बनाउनेले आफ्नै खुशीअनुसार जग बसाल्छ वा बनाउँछ भने त्यो भवन कुरूप देखिन सक्छ र सानो-तिनो प्राकृतिक प्रकोपले पनि लड्न सक्छ।

विवाह भइसकेपछि प्रत्येक जोडीको वैवाहिक सम्बन्ध परमेश्वरले दिनुभएको नक्शाअनुसार बनिँदै गएको हुन आवश्यक छ। परमेश्वरले दिनुभएको नक्साभन्दा बाहिर वैवाहिक सम्बन्धलाई बलियो बनाउन खोजेमा त्यो सम्बन्ध कमजोर हुँदै टुट्न पनि सक्छ। छोड्नु, मिलिरहनु र एउटै शरीर हुनु भनेको एउटा टुलका तीनवटा खुट्टाहरू जस्तै हुन्। गाउँघरमा अझै पनि चूल्होको रूपमा ओदानको प्रयोग गरिन्छ। त्यसका पनि तीनवटा खुट्टाहरू हुन्छन्। एउटा खुट्टा मात्र कमजोर भयो भने त्यो लड्न सक्छ। विवाहित जोडीले माथिका तीन कुराहरूमध्ये एउटालाई मात्र बेवास्ता गरेमा टुल वा ओदानको एउटा खुट्टा कमजोर भएजस्तै बन्न पुग्छ र कहिले लड्छ सो भन्न सकिन्न।

**आदम र हव्वाले कसलाई छोडे ?** परमेश्वरले परिवारको जग बसाल्नासाथ श्रीमान्-श्रीमतीलाई आमा-बाबुलाई छोड्ने आज्ञा दिनुभयो। आमा-बाबुलाई छोड्नुभन्दा कति आमा-बाबुको मनमा चसक्क पर्न सक्छ, चित्त दुख्न सक्छ र दुखित भावना पैदा हुन सक्छ। छोड्नु भनेको आमा-बाबुलाई बिर्सनु वा त्याग्नु भनेको होइन। आमा-बुवालाई आदर गर, आज्ञापालन गर भन्ने कुरालाई धर्मशास्त्रले जोड दिएको छ। छोडनु भनेको सार्वजनिक रूपमा विवाह गर्नु र भावनात्मक रूपले आमा-बुबा, आफन्त, साथीभाइ, ईष्टमित्र सबैलाई छोड्नु हो। विवाहपछि वैवाहिक जीवन बलियो हुँदै जानको निम्ति रूने, कराउने, हाँस्ने, दुःख, सुख बाँड्ने, सफलता, असफलता बाँड्ने पहिलो ठाउँ अब आमा-बुवा वा अरू व्यक्ति नभई श्रीमान्-श्रीमती हुनु पर्दछ। परिवारमा कुनै पनि समस्या आउँदा सबै भन्दा पहिले श्रीमान्-श्रीमती बसेर एकअर्कामा बाँडचुँड गर्नु र एकले अर्कालाई उत्साह दिने, एकले अर्कोको आँसु पुछिदिने, एकले अर्कोको मनोबल बढाउने, एकअर्कामा आनन्द गर्दै वैवाहिक जीवनलाई अघि बढाउनु नै छोड्नु हो। यदि श्रीमतीलाई केही पऱ्यो भने माइत वा आफन्तकहाँ दौड्ने वा फोन गर्ने र श्रीमान्लाई केही पऱ्यो भने आफ्नो आमा-बाबु वा अभिभावककहाँ दौडन थाल्यो भने त्यो परिवार कमजोर हुन सक्छ। भावनात्मक रूपमा श्रीमान्-श्रीमती दुवैले परिवारका सदस्य, आफन्त या ईष्टमित्रलाई छोडेका छैनन् भने सात समुद्र पारी गए तापनि बाबु-आमा, अभिभावक वा ईष्टमित्रको कारणले उनीहरूको सम्बन्धमा समस्या आइनैरहन्छ। त्यसकारण विवाह गर्नुअघि भावनात्मक रूपमा परिवारका सदस्यहरू वा साथीसङ्गीहरूलाई छोड्नको निम्ति दुवैजना तयारी हुनुपर्दछ। विवाह बन्धनमा जोडिन इच्छा गर्नेहरूले यो कुरा बुझ्नु अति नै आवश्यक छ।

**श्रीमान्-श्रीमतीले मात्र छोड्ने होइन तर उनीहरूका परिवारका सदस्यहरूले पनि छोडिदिनुपर्छ।** कति परिवारमा विवाहपछि उनीहरूको सम्बन्धमा समस्या ल्याउने काम परिवारका सदस्यहरूबाटै हुने गरेकोपाइन्छ।

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| असार २६<br>July 11 | पा. रोबर्ट कार्थक<br>पा. सामुएल कार्थक | श्री<br>राजु तामाङ्ग | पाष्टर<br>अशोक मुखिया | एल्डर<br>सिमोन खालिङ | पाष्टर<br>दफ्तन सादा | एल्डर<br>छयोगेन रोंगोंग | डीकन<br>घन श्याम दाहाल |
| साउन २<br>July 18 | पाष्टर<br>अशोक मुखिया | श्री<br>सिद्धि खालिङ | डीकन<br>बाग मान तामाङ्ग | एल्डर<br>सीता गुरूङ्ग | एल्डर<br>श्रीलक्ष्मी सैंजु | डीकन<br>घन श्याम दाहाल | एल्डर<br>छयोगेन रोंगोंग |
| साउन ९<br>July 25 | डीकन<br>अर्जुन ढकाल | डीकन<br>मानबहादुर मगर | पाष्टर<br>प्रेम श्रेष्ठ | पाष्टर<br>रोबर्ट कार्थक | एल्डर<br>रूबेन श्रेष्ठ | संयुक्त सेवा<br>ललितपुर चर्च | संयुक्त सेवा<br>ललितपुर चर्च |
| साउन १६<br>August 1 | डीकन<br>सिमोन पाठक | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | संयुक्त सेवा<br>ज्ञानेश्वर चर्च | पाष्टर राजेन्द्र रोंगोंग<br>पाष्टर बि.बि. खवास | डीकन<br>सिमोन भण्डारी | पाष्टर<br>रोल्याण्ड रोंगोंग | एल्डर<br>शरण राई |

कति पटक सासु, ससुरा, नन्द, आमाजु, जेठानी, देउरानी, देवर, भाउजु, जेठाजु वा कुनै पनि व्यक्ति समस्याको कारक भइराखेका हुन्छन् । विवाहपछि सम्बन्ध प्रगाढ भइराख्नको निम्ति उनीहरूको सम्बन्धको बीच कोही पनि भिलेन खेल्न आउनु हुँदैन । विवाहपछि परिवारका सदस्यहरूले उहाँहरूको वैवाहिक जीवनको निम्ति राम्रा सल्लाह, सुझावहरू दिन सक्छौं । भविष्यमा कहाँ बस्दा राम्रो हुन्छ, के काम गर्दा राम्रो हुन्छ, सन्तान कहिले जन्माउँदा राम्रो हुन्छ इत्यादि कुराहरूमा सल्लाह दिन सक्छौं तर अन्तिम निर्णय श्रीमान्-श्रीमतीकै हुन दिनुपर्छ । तब मात्र विवाहपछि श्रीमान्-श्रीमती नौलो प्रेममा बढ्दै जान सक्छन् ।

**बलियो वैवाहिक जीवन हुनको निम्ति परमेश्वरले दिनुभएको दोस्रो कुरा हो "मिलिरहनु"** । मूल भाषामा मिलिरहनु शब्दको अर्थ "टाँसिरहनु" भन्ने हुन्छ । गम वा ग्लूले दुईवटा कागजलाई जोडेको जस्तै जोड्नु हो । प्लाइ उडमा सनमाइकालाई टाँसेको जस्तै टाँसिइरहनु हो । यदि टाँसिएको कागज वा प्लाइ उडलाई अलग गर्न खोज्यो भने त्यो च्यातिन्छ वा भाँचिन्छ । मिलिरहनु भनेको वैवाहिक करारमा बाँधिएपछि अलग गर्न मिल्दैन भनेको हो । यदि कसैले अलग गर्ने प्रयास गऱ्यो भने टाँसिएको कागजलाई अलग गर्दा च्यातिए जस्तै दुवैको जीवन च्यातिन्छ । टाँसिएको सनमाइका उप्काउन खोज्दा भाँचिए जस्तै दुवैको जीवन भाँचिन्छ । मिलिरहनुलाई निम्न अर्थमा पनि हेर्न सकिन्छः वैवाहिक करारलाई पक्रिराख्नु, पारस्परिक सम्बन्धलाई कायम राख्नु, मित्रताको सम्बन्धमा बढ्दै जानु, विचारमा एकता हुनु, योजनामा एकता हुनु, निर्णयमा एकता हुनु, प्रेममा एकता हुनु, समस्यामा एकता हुनु आदि पनि हो ।

**वैवाहिक जीवन बलियो हुनको निम्ति परमेश्वरले भन्नुभएको तेस्रो कुरा हो "एउटै शरीर हुनु"** । एकअर्कामा विचार, योग्यता, क्षमता, सफलता, असफलता, समस्या, दुःख, पीडा, हाँसो, रोदन, भावना वा हृदयभित्रका सबै कुराहरू सँगसँगै बसेर बाँडचुँड गर्नु र शारीरिक सम्बन्धको एकताद्वारा आनन्द गर्नु नै एउटै शरीर हुनु हो । यदि श्रीमान्-श्रीमती एउटै शरीर हुन सकेनन् भने उनीहरूले एकअर्काको भावना बुझ्न सक्दैनन् । एउटै शरीरमा भएका कुनै पनि अंगलाई सानो चोट लाग्दा पनि सारा शरीरले त्यसको पीडा महसुस गर्छ । त्यसरीनै श्रीमान्-श्रीमती एउटै शरीर भएर जिएका छन् भने मात्र एकअर्कामा लागेको चोटलाई महसुस गर्न सक्छन् । तर दुःखको कुरा परमेश्वरको वचनले आज्ञा गरेअनुसार कति श्रीमान्-श्रीमती एउटै शरीर हुन सकेका छैनन् । उनीहरू एउटै शरीर हुन नसकेको कारण उनीहरूको बीचमा तनाव, मनमुटाव, रीस र झगडाले ठाउँ पाइराखेको छ । यदि श्रीमतीहरूलाई भेटेर तपाईंको श्रीमान्प्रतिको मुख्य गुनासो के छ भनेर प्रश्न गर्ने हो भने धेरैको जवाफ मेरो श्रीमान्ले मलाई प्रेम गर्नुहुन्न, मेरो हृदयको कुराहरू बुझ्नुहुन्न, मेरो भावनाहरू बुझ्नु हुन्न, मेरो कुरा सुन्न उहाँसँग समय छैन भन्ने नै हुन्छ । त्यसरीनै श्रीमान्हरूलाई तपाईंको श्रीमतीप्रतिको मुख्य गुनासो के छ भनेर प्रश्न गर्ने हो भने धेरैको जवाफ मेरो श्रीमती अनावश्यक रूपमा कचकच गरिरहन्छिन् । मलाई उनले आदर नै गर्दिनन् । मैले उनीबाट पाउनुपर्ने शारीरिक सन्तुष्टि पाएको छैन भन्ने कुराहरू नै हुन्छन् । त्यसकारण उनीहरू एकअर्काबाट पाउने प्रेम, वास्ता, आदर, सहयोग, सन्तुष्टि आदि सबै कुराहरू अरू व्यक्तिबाट नै खोजिराखेका हुन्छन् जसले गर्दा उनीहरूको वैवाहिक जीवनमा चिसोपना बढेर गइराखेको हुन्छ । यदि यसरी श्रीमान्-श्रीमती जिइराखेका छन् भने उनीहरूको पारिवारिक सम्बन्ध धमिराले भित्रभित्रै खाइराखेको रूखजस्तै भइराखेको हुन्छ किनकि उनीहरू बाइबलले भनेअनुसार एउटै शरीर हुन सकेका छैनन् । श्रीमान्-श्रीमती एउटै शरीर हुन नसक्नुमा श्रीमतीले श्रीमान्को भावना वा सन्तुष्टिलाई बुझ्न नसक्नु र श्रीमान्ले पनि श्रीमतीको भावना, प्रेम र इच्छालाई बुझ्न नसक्नु नै हो । किन यस्तो भएको ? किनकि उनीहरू एउटै शरीर हुन सकेका छैनन् । एउटै शरीर हुनको निम्ति श्रीमान्-श्रीमती बसेर भावनाहरू बाँडचुँड गर्ने, हृदयका कुराहरू बाँड्ने र सुन्ने गर्नु पर्दछ । तब मात्र एउटै शरीरले जस्तै एकाअर्काको हाँसो, रोदन, चोट, पीडा, खुशी, आनन्द थाहा गर्न सक्छन् ।

विवाह भएर धेरै वर्ष सँगसँगै जीवन बिताइसक्नुभएका जोडीहरू, भर्खरै वैवाहिक सम्बन्धमा जोडिएकाहरू र भविष्यमा विवाह गर्न चाहनेहरू सबैले बलियो वैवाहिक जीवनको निम्ति सृष्टिकर्ता परमेश्वरले मानव जातिलाई दिनुभएको वैवाहिक जीवनको नक्साः छोड्नु, मिलिरहनु र एउटै शरीर हुनुलाई पक्रिराख्नु पर्दछ । वैवाहिक जीवनमा सामना गरिने आँधी-बेहरी, हुरी बतास र सबै उतार चढावहरूमा पनि मृत्युले अलग नगरेसम्म सँगसँगै परमेश्वरको सेवा र महिमा गर्नु नै परमेश्वरले वैवाहिक जीवनको लागि कोर्नुभएको नक्शाअनुसारको परिवार हुनु हो । हाम्रो वैवाहिक सम्बन्ध कस्तो छ ? शैतानले जोडिएको वैवाहिक सम्बन्धलाई तोड्न चाहन्छ तर परमेश्वरले तोडिएको सम्बन्धलाई जोड्न, कमजोर सम्बन्धलाई बलियो बनाउन र उहाँको महिमा गर्ने परिवार बनाउन चाहनुहुन्छ । "परमप्रभुले नै घर नबनाउनुभए त, बनाउनेहरूले गरेको परिश्रम व्यर्थ हुन्छ" (भजनसंग्रह १२७:१) । घराना बनाउने परमेश्वर नै हुनुहुन्छ । उहाँलाई हाम्रो परिवारमा पाहुना होइन प्रभुको स्थानमा राखौं ।

### हार्दिक बधाई

**एस.एल.सी. परीक्षामा उत्तीर्ण हुनुभएका सम्पूर्ण विद्यार्थीहरूलाई नेपाली इसाई मण्डलीको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।**

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | गोंगबूँ | धापासी | रानीपौवा |
| **असार २६**<br>July 11 | एल्डर<br>गोपी राई | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा<br>गोंगबूँ चर्च | श्री<br>सुरेन्द्र सापकोटा |
| **साउन २**<br>July 18 | पाष्टर<br>रोबर्ट कार्थक | **संयुक्त सेवा जोरपाटी चर्च** | | | पाष्टर<br>बर्णबास श्रेष्ठ | डीकन<br>सिमोन पाठक | श्री<br>राजु तामाङ्ग |
| **साउन ९**<br>July 25 | एल्डर<br>गोपी राई | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | एल्डर<br>बी.एन.पण्डित | श्री<br>निराकर थापा | श्री<br>कुमार सेन्चुरी |
| **साउन १६**<br>August 1 | एल्डर<br>गोपी राई | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | पाष्टर<br>बर्णबास श्रेष्ठ | पाष्टर<br>राजेन्द्र रोंगोंग | संयुक्त सेवा<br>गोंगबूँ चर्च |

## हार्दिक बधाई



जेष्ठ ३२ गते/जुन १५ तारिख सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **सुरज सुन्दास** र सुश्री **रजनी खड्गी**को नेइम ज्ञानेश्वर चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **सुरज/रजनी सुन्दास**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## जुलाई महिनाको कार्यक्रम

असार २० गते/जुलाई ५ तारिख आइतबार **नेइम परिषद्‌को बैठक** बिहान १०:००-२:०० बजेसम्म नेइम ज्ञानेश्वर मण्डलीमा । नेइमका सम्पूर्ण पाष्टर, एल्डर, डीकन, डीकनेस्हरू ।

साउन १ गते/जुलाई १७ तारिख शुक्रबार **महिला उपवास प्रार्थना** आ-आफ्नै मण्डलीमा ।

साउन २ गते/जुलाई १८ तारिख शनिबार **नेइम संयुक्त जवान संगति** दिउँसो २:००-४:०० बजेसम्म नेइम ज्ञानेश्वर मण्डलीमा ।

## जानकारी

असार १२ गते/जुन २७ ता. शनिबार नेइम ज्ञानेश्वर मण्डलीमा ४३ जना विश्वासीहरूको समर्पण भयो ।



धादिङ्ग तारनालाङ्ग बस्नुहुने, नेइम ललितपुर मण्डलीको सदस्य श्री वंश बहादुर बराम ७० वर्षको उमेरमा जेष्ठ १० गते/मे २४ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



गोदावरी, टौखेल बस्नुहुने, नेइम ललितपुर मण्डलीको सदस्य श्री सुमन खड्गी ३७ वर्षको उमेरमा जेष्ठ २४ गते/जुन ७ तारिख आइतबार प्रभुमा सुत्नुभयो ।



रातोपुल बस्नुहुने, नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्रीमती हेम कुमारी परियार ७२ वर्षको उमेरमा जेष्ठ १२ गते/जुन २७ तारिख शनिबार प्रभुमा सुत्नुभयो ।

## विषेश प्रार्थना

१. संविधान सभाको सम्पूर्ण सदस्यहरूको संविधान लेखनको तयारीमा ठीक ज्ञान, बुद्धि र एकता मागिदिऔं साथै संविधान ठीक समयमा आएको होस् ।

२. भूकम्पको कारण दुःख, कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं साथै वर्षायामको समयमा बाढी, पहिरो यातायात अवरोध जस्ता कुनै पनि कुरा नभएको होस् ।

३. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा गर्न देशका सबै मण्डलीहरू र ख्रीष्टियान संघ संस्थाहरू पवित्र आत्माको अगुवाइ र शक्तिमा बोझसाथ लागिपर्न सकून् ।

४. प्रभुको उपस्थिति र मण्डलीको अघि गरिएका समर्पणता परमेश्वरको महिमाको लागि हामी सबै इमान्दारी र विश्वासयोग्य हुन सकौं ।

५. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको वचनद्वारा मण्डली प्रभुमा बलियो हुँदै जानको साथै सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् भनी यस सेवकाइको लागि प्रार्थना गरिदिऔं ।

६. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि ख्रीष्टमा बनिँदै एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

७. मण्डलीको विश्वासीहरूले परमेश्वरको प्रेम र ख्रीष्ट येशू प्रभुमा पाइने सित्तैंको मुक्तिको सुसन्देश ठीक प्रकारले प्रचार गर्न सकून् जसको फलस्वरूप ख्रीष्ट येशू प्रभुमा विश्वास गर्नेहरू मूल्य चुकाउनेहरू पनि हुन सकून् ।

| | | | | |
|---|---|---|---|---|
| **आइतबार**<br>Sunday | २० 5<br>विभिन्न सेवा संगतिहरूमा वचनको सेवकाइ गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन र पवित्र आत्माको अगुवाइ मागिदिऔं।<br>२ कोरिन्थी २:१४-१७ | २७ 12<br>शाखा/आवद्ध मण्डलीमा रहेका सबै पाष्टर, अगुवा, प्रचारक तथा सबै विश्वासीहरूको प्रभुबाटको सुरक्षा र सेवकाइको लागि प्रार्थना गरौं।<br>यशैया ४२:६-७ | ३ 19<br>भारतका मुम्बई, पुना लगायत अन्य शहरहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागि प्रार्थना गरौं।<br>भजनसंग्रह ६८:१९-२० | १० 26<br>मण्डलीलाई अगुवाइ गरिराख्नुभएकाहरू सबै एउटै दर्शनमा अघि बढ्दै मण्डलीलाई पनि अघि बढाउन सकून्।<br>भजनसंग्रह ३२:८, १४३:१० |
| **सोमबार**<br>Monday | २१ 6<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत प्रभुसँगको संगति साथै पारिवारिक वेदी कहिल्यै नसेलाएको होस्।<br>भजनसंग्रह २६:८, १३२:७ | २८ 13<br>विश्वासीहरूको जीवनमा प्रार्थना, वचन पढाइ, प्रशंसा र सुसमाचार प्रचार गर्ने कुरा कहिल्यै नरोकिएको होस्।<br>प्रेरित २:४२-४७ | ४ 20<br>प्रभु येशूमा भएकाहरू जीवनको सबै परिस्थितिहरूमा सधैं धन्यवादी भई जिउनको लागि अनुग्रह मागिदिऔं।<br>१ कोरिन्थी १५:५८ | ११ 27<br>आशिषित भएर जिउनको लागि दिन प्रतिदिन विजयको पाइला अघि बढाउँदै जान सकौं।<br>यहोशू १:२-९ |
| **मंगलबार**<br>Tuesday | २२ 7<br>मण्डलीमा भइरहेको आत्मिकी सभामा जुवाहरू भाँचिएको साथै चंगाइ, छुटकारा, निको हुवाइ र आश्चर्य कर्महरूको लागि प्रार्थना गरिदिऔं।<br>यशैया ३५:३-७, १० | २९ 14<br>परमेश्वरको प्रेम चाखेर पनि फेरि संसारतिर फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>लूका १५:११-२५ | ५ 21<br>प्रभुको नाउँको खातिर खेदो-निन्दा, दु:ख-कष्ट, सतावट भोगिरहनुभएका विश्वासीहरू प्रभुको सामर्थ्यमा बलियो हुँदै जान सकून्।<br>यहोशू १:२-९ | १२ 28<br>मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाइको लागि जानुभएकाहरूको सेवकाइ, परिवार, मण्डलीको लागि साथै उहाँहरूको सेवकाइद्वारा अझ धेरै प्रभुमा आउन सकून्।<br>उत्पत्ति १२:१-२, मत्ती ६:३३ |
| **बुधबार**<br>Wednesday | २३ 8<br>सबै घरेलु संगतिहरूमा एकअर्कालाई सहयोग र उत्साह दिँदै एकआपसको घनिष्ठताको साथै प्रभुप्रतिको प्रेममा सबै जना अझ बढेर जान सकौं।<br>कलस्सी ३:१४-१७, हिब्रू १०:२४-२५ | ३० 15<br>आफूले पाएका विभिन्न वरदानहरू मण्डली निर्माणको लागि प्रेम, विश्वास र नम्रतामा सबैले परमेश्वरको महिमाको निम्ति चलाउन सकून्।<br>रोमी १२:३-८, १ कोरिन्थी १३:१-३ | ६ 22<br>आखिरी दिनहरूमा संसारको धेरै निरास गर्ने कुराहरूबाट पवित्र आत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर रहन सहायता गरून्।<br>हिब्रू १२:१-३ | १३ 29<br>सबै विश्वासीहरू पवित्र आत्माको अधीनता, भरपुरी र अगुवाइमा दिन-प्रतिदिन डोऱ्याएकाहरू भएर जिउन सकौं।<br>गलाती ५:१६,२५, एफिसी ५:१८ |
| **बिहीबार**<br>Thursday | २४ 9<br>मण्डलीका सबै बालबालिकाहरू परमेश्वरबाट आशिष् पाएकाहरू भई सानै उमेरमा नै असल साक्षी भई परमेश्वरलाई महिमा दिन सकून्।<br>यशैया ६१:९ | ३१ 16<br>मण्डलीका जवानहरू परमेश्वरबाटको विभिन्न सेवकाइको बोलावटमा आज्ञाकारी हुनलाई पवित्र आत्मा परमेश्वरले नै सहायता गरून्।<br>यर्मिया १:४-१०, योएल २:२८ | ७ 23<br>मण्डलीका सबै वृद्ध/वृद्धाहरू तथा बेथानी आश्रममा बस्नुहुने बज्यै-हरूका लागि प्रार्थना गरिदिऔं।<br>यशैया ४६:३-४ | १४ 30<br>परिवारका सबै सदस्यहरू परमेश्वरले दिनुभएको शान्ति, मेलमिलाप र समझदारीमा जिउन सकून्।<br>कलस्सी ३:१३-१७ |
| **शुक्रबार**<br>Friday | २५ 10<br>मण्डलीका विश्वासीहरू कोही पनि रीतिविधिमा मात्र सेवा संगतिमा सहभागी नभई सत्यतामा आराधना गर्न साथै वचनको तिर्खाको साथ तयार भएर आउन सकून्।<br>भजनसंग्रह ८४:१-६ | १ श्रावण 17<br>प्रत्येक शनिबार आराधना सेवा साथै अरू सेवा संगतिहरूमा सुनेको वचनअनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं।<br>भजनसंग्रह ७८:१-१८ | ८ 24<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू पवित्र आत्माको उपस्थिति र अगुवाइमा जागृत हुँदै जान सकून्।<br>१ कोरिन्थी २:९-१३ | १५ 31<br>देशभरि हुने आराधना सेवाहरूमा चढाएको स्तुति प्रशंसाद्वारा उहाँको महिमाले यस देशलाई ढाकेको होस् र देशमा भएका अन्धकारका कुराहरू हटेर गएको होस्।<br>२ इतिहास २०:२१-३० |
| **शनिबार**<br>Saturday | २६ 11<br>हामी सबै किसिमका बोझा र सजिलैसित अल्झाउने पापलाई पन्छाएर धैर्यका साथ हाम्रो दौडलाई पूरा गर्न सकौं।<br>हिब्रू १२:१ | २ 18<br>बेरोजगार भएकाहरूको अभाव प्रभुले पूरा गरिदिऊन् र कामहरू पनि जुटाइदिनुभएको होस्।<br>१ पत्रुस ५:७ | ९ 25<br>सरकारी, इसाई, संघ-संस्थाहरूमा सेवकाइ गरिराख्नुभएका साथै विभिन्न काम व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून्।<br>हितोपदेश ११:१ | १६ August 1<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून्।<br>प्रेरित १६:२५-३४ |

**हे मानिस हो, सब समय उहाँमा नै भरोसा गर, उहाँको सामुन्ने आफ्ना मन खोल, किनकि परमेश्वर हाम्रा शरणस्थान हुनुहुन्छ ।**

**भजनसंग्रह ६२:८**